# धनगढी उप-महानगरपालिका

## स्थानीय राजपत्र

**खण्डः६** **सङ्ख्याः ०६** **मितिः२०७९/०९/२५**

भाग-०१

धनगढी उप-महानगरपालिका

### धनगढी उप–महानगरपालिका छाडा पशु चौपाया नियन्त्रण तथा व्यवस्थापन ऐन,२०७९

**नगरसभाबाट स्वीकृत मितिः २०७९।०९।२५**

**राजपत्रमा प्रकाशन मितिः२०७९।०९।२८**

प्रस्तावनाः धनगढी उप–महानगरपालिका क्षेत्रभित्र जथाभावी छाडिने बेवारिसे छाडा पशु चौपायाले सडक एवं सार्वजनिक स्थलमा पुर्‍याइरहेको अवरोध तथा फोहोरहरु नियन्त्रण गर्न, कृषि बालीको नोक्सानी तथा क्षति नियन्त्रण गर्न, यातायातका साधन तथा सर्वसाधारणको आवागमनमा अवरोध पुर्‍याई हुन सक्ने दुर्घटनालाई रोक्न र नगरपालिकाले अंगिकार गरेको "धनगढी उप–महानगर, हराभरा तथा सफा शहर" भन्ने नारालाई व्यवहारमा उतार्ने सन्दर्भमा यस्ता छाडा पशु चौपायाहरुबाट हुन सक्ने विभिन्न अवरोधलाई तत्कालै नियन्त्रण गरी आवश्यक व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार संञ्चालन एने,२०७४ को दफा १०२ बमोजिम धनगढी उप–महानगरपालिकाको नगर सभाले छाडा पशु चौपाया नियन्त्रण तथा व्यवस्थापन ऐन, २०७९ बनाएको छ ।

धनगढी उप-महानगरपालिका राजपत्र

## परिच्छेद– एक
## प्रारम्भीक

**१.संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम “छाडा पशु चौपाया नियन्त्रण तथा व्यवस्थापन ऐन, २०७९” रहेको छ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि प्रारम्भ हुनेछ।

**२.परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) “नगरपालिका/उपमहानगरपालिका” भन्नाले धनगढी उपमहानगरपालिका सम्झनु पर्दछ।

(ख) “सभा” भन्नाले उपमहानगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ।

(ग) “प्रमुख” भन्नाले नगर प्रमुखलाई सम्झनु पर्दछ।

(घ) “उपप्रमुख” भन्नाले नगर उपप्रमुखलाई सम्झनु पर्दछ।

(ङ) “कार्यपालिका” भन्नाले धनगढी उपमहानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(छ) “कार्यालय” भन्नाले उपमहानगरपालिकाको नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(ज) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(झ) “छाडा चौपाया” भन्नाले बेवारिसे रुपमा नगर क्षेत्रमा छाडिएका चौपायाहरु गाई, गोरु, बाच्छा, बाच्छि, राङ्गा, भैंसी, सुँगुर, बंगुर, बाख्रा बाख्री, बोका लगायतका चारखुट्टे चौपायाहरुलाई सम्झनु पर्दछ र सार्वजनिक सडकमा जानाजान बाँधिएका पशु चौपाय समेतलाई जनाउनेछ।

(ञ) “पालन क्षेत्र” भन्नाले मुल समितिले छाडा चौपायाहरुलाई व्यवस्थित रुपमा पालनका लागि उपमहानगरपालिका क्षेत्रभित्र वा अन्य सम्वृद्ध उपमहानगरपालिकाहरुसँग समन्वय र सहकार्य गरि चौहद्दी खोली छुट्याएको भू–भागलाई सम्झनु पर्दछ।

(ट) “चरनक्षेत्र” भन्नाले छाडा चौपायाहरुलाई व्यवस्थित रुपमा पालनका लागि उपमहानगरपालिका क्षेत्र भित्र वा अन्य सम्वृद्ध उपमहानगरपालिकाहरुसँग समन्वय र सहकार्य गरि चौहद्दी खोली छुट्याइएका क्षेत्रलाई सम्झनु पर्दछ।

(ठ) “तोकिएको वा तोकिए बमोजिमको” भन्नाले यो ऐन कार्यान्वयन गर्ने क्रममा नगर कार्यपालिकाले समय समयमा निर्णय गरी जारी गरेको आदेश तथा निर्देशन समेतलाई सम्झनु पर्दछ।

(ड) “अनुगमन समिति” भन्नाले यस ऐन अनुसार गठन गरिएको अनुगमन समिति सम्झनु पर्दछ।

## परिचछेद–२
## सरोकारवालाहरुको काम, कर्तव्य र अधिकार

**३. पशु चौपाया धनीको कर्तव्यः**

(१) कुनै पनि पशु चौपाया धनीले आफ्ना पशु चौपायाहरु व्यवस्थित तवरले पालन पोषण गर्नु पर्दछ।

(२) पशु चौपाया धनीले आफूले पालेका भाले वा स्त्री जाती पशु चौपाया बीच कुनै भेदभाव गर्नु हुदैन।

(३) कुनै गलत नियत राखी आफूले पालेका पशु चौपायालाई अस्वस्थ बनाई मर्न दिनु हुँदैन तथा वेवारिसे गराउनु हुदैन । कालगतिले मरेका चौपायालाई उचित स्थानमा तुरुन्तै गाडी दिनु पर्दछ।



धनगढी उपमहानगरपालिका राजपत्र

(४) पशु चौपाया धनीले जानी जानी वा अनजानमा समेत आफूले पालेका पशु चौपायाहरु सार्वजानिक स्थल, सडक आदिमा अनियन्त्रित रुपमा छाडा छाड्नु हुदैन।

(५) पालिएका पशु चौपायाहरु कुनै कारणबाट आफ्नो घर गोठ छाडी सार्वजनिक स्थलमा गई वेवारिसे अवस्थामा घुमफिर गरेको पाइएमा त्यस्ता चौपायाका धनीले पशु चौपायाको जिम्मा लिई तुरुन्त आफ्नो जिम्मामा लैजानु पर्दछ।

(६) नगरपालिकाले तोकेको ढाँचा र समयमा आफ्नो चौपायाहरुको विवरण नगरपालिकामा बुझाउनु पर्नेछ।

**४. नगरबासी तथा संघ संस्थाको कर्तव्यः**

(१) वेवारिसे अवस्थामा सार्वजनिक स्थलमा देखिने पशु चौपायाको पहिचान गरी त्यस्ता पशु चौपायाका धनीलाई तुरुन्त आफ्नो जिम्मामा लैजान भनि खबर गर्नु सर्वसाधारण, नगरवासी तथा स्थानीय संघ संस्थाको कर्तव्य हुनेछ।

(२) छाडा पशु चौपायाबाट सार्वजनिक स्थलमा हुने असुविधा, फोहोरमैला, सडक दुर्घटना तथा वातावरण एवं हरियालीमा पर्ने नकारात्मक असरबारे जनचेतना जगाई चौपायाहरु वेवारिसे अवस्थामा छाडा छाड्ने प्रवृत्तिलाई निरुत्साहित गर्नु स्थानीय संघ संस्थाको कर्तव्य हुनेछ।

(३) छाडा पशु चौपाया नियन्त्रणका लागि नगरपालिकाले संचालन गरेको अभियानमा आवश्यक सहयोग, सल्लाह र सूचनाहरु उपलव्ध गराउनु प्रत्येक नगरवासी र स्थानीय संघ संस्थाको कर्तव्य हुनेछ।

(४) उपमहानगरपालिकाको छाडा चौपायको नियन्त्रण र व्यवस्थापनमा पशु चौपायको क्षेत्रमा काम गर्ने संघ संस्थाको पनि कर्तव्य हुनेछ।

**५. नगरपालिकाको काम कर्तव्य र अधिकारः**

(१) नगरपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) नगरपालिकाले यथासम्भव आफ्नो नगर क्षेत्रभित्र पालिएका पशु चौपायाहरुको वडागत रुपमा लगत तयार गरी यस्तो लगतमा जन्म तथा मृत्यु हुने पशु चौपायाहरुको विवरण अद्यावधिक गर्न चौपाया धनी र वडा समितिलाई निर्देश गर्न सक्नेछ।

(ख) छाडा पशु चौपायाबाट पर्न सक्ने नकारात्मक असरहरुको सम्वन्धमा स्थानीय संघ संस्थाहरु संगको समन्वयमा जनचेतनामूलक कार्यक्रम संचालन गरी नगरवासीलाई सुसूचित गराउने र जनदवाव श्रृजना गर्ने कार्यमा नगरपालिकाले विशेष ध्यान दिनेछ।

(ग) छाडा पशु चौपायाको नियन्त्रण र व्यवस्थापन गर्ने क्रममा आवश्यकतानुसार गौशाला, कान्जी हाउस वा अन्य कुनै व्यवस्था गरी त्यस्ता पशु चौपायाहरुको नियन्त्रण र व्यवस्थापन गर्नुपर्नेछ। गौशाला वा कान्जी हाउसमा रहेका पशु चौपाया कोही कसैले पाल्नका लागि लिन चाहेमा गौशाला र कान्जी हाउसको सञ्चालकको इजाजतबाट दिन सकिनेछ।

(घ) नगरपालिकाले छाडा पशु चौपाया नियन्त्रणका लागि छाडा पशुचौपायाबाट प्रभावित अन्य छिमेकी पालिका संग साझेदारी एवं सहकार्य गरी संयुक्त प्रयासमा व्यवस्थापन गर्न सक्नेछ।

(ङ) नगरपालिकाले यस्ता छाडा पशु चौपाया नियन्त्रण गर्न निजी क्षेत्र वा कुनै संघ संस्था संग साझेदारी, सहकार्य गरी संयुक्त व्यवस्थापन गर्न वा त्यस्तो व्यवस्थापनको लागि जिम्मा दिन सक्नेछ।

(च) छाडा पशु चौपायबाट हुने हानी नोक्सानीको परिस्थितिलाई मध्यनजर राखेर त्यस्तो हानी नोक्सानी नहुन दिनका लागि नगरपालिकाले छाडा चौपायको प्रभावकारी रुपमा नियन्त्रण र व्यवस्थापन गर्नेछ।

(२) वडा कार्यालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) आफ्नो वडा क्षेत्रमा छाडाचौ पाया नियन्त्रण गर्न हरसंभव उपायहरु अवलम्बन गर्ने। यस विषयमा आवश्यकतानुसार छिमेकी वडाहरुसँग समन्वय गर्ने।

(ख) छाडा चौपाया नियन्त्रणका लागि नगरपालिकाले सञ्चालन गरेको अभियानमा सक्रियतापूर्वक सहभागी हुने । संघ संस्थासँग समन्वय गरी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

(ग) आफ्नो वडा भित्र छाडा चौपाया नियन्त्रण र व्यवस्थापन गर्न नगर कार्यपालिकाले निर्देश गरे बमोजिम यस ऐनको परिच्छेद–३ मा व्यवस्था गरिएको दण्ड, जरिवान एवं लिलाम सम्बन्धी कार्य गरी प्राप्त हुन आउने रकम नगरपालिकाको कोषमा जम्मा गर्ने र सोको अभिलेख दुरुस्त राख्ने ।

(घ) वडा क्षेत्र भित्रका पशुपालक कृषकहरुबाट तोकिएको ढाँचामा पशु लगत लिई सोको विवरण अद्यावधिक राख्ने।

(ङ) नगर कार्यपालिकाले निर्देश गरेका अन्य कामहरु गर्ने।

## परिच्छेद–३

## दण्ड, जरिवाना र लिलाम विक्री सम्बन्धी व्यवस्था

**६. पशु चौपाया छाडा छाड्ने कार्य दण्डनीय हुनेः** घर गोठमा पालिएका पशु चौपायाहरु सार्वजनिक स्थलमा वेवारिसे अवस्थामा छाड्न हुदैन । कुनै चौपाया धनीले आफूले पालेका चौपायाहरु नियतबस वा जानी जानी घर गोठबाट वा आफ्नो जिम्माबाट हटाउने उद्देश्यले सार्वजनिक स्थलमा छाड्ने अथवा हेलचक्रयाई गरी त्यस्ता पशु चौपाया जथाभावी छाडिदिने र सार्वजनिक सडकमा बाँधि राख्ने कार्य दण्डनीय हुनेछ ।

**७. दण्ड जरिवाना सम्बन्धी व्यवस्थाः**

(१) दफा ६ बमोजिम कोही कसैले आफूले पालेका पशु चौपायाहरु नियतबस वा जानी जानी घरबाट हटाउने उद्देश्यले सार्वजनिक स्थलमा वेवारिसे गराई छाडिदिने अथवा हेलचक्रर्याई गरी त्यस्ता पशु चौपाया जथाभावी छाडिदिने र सार्वजनिक सडकमा बाँधिदिने कार्य गरेमा नगरपालिकाले त्यस्ता पशु चौपाया धनीको यकिन पहिचान गरी प्रतिदिन देहाय बमोजिम जरिवाना गर्नेछ र नियन्त्रणमा लिईएका त्यस्ता छाडा पशु चौपाया निज पशु चौपाया धनीकै जिम्मा लगाउनेछ ।त्यसरी जरीवाना गरिएको र जिम्मा लगाइएको पशु चौपायाको अभिलेख समेत राखिनेछ ।

(क) गाई/गोरु/बाछा/बाछी/राँगा/भैंसी/पाडा/पाडी/घोडा/खच्चर –रु. ५००

(ख) बाख्रा/खसी/बोका/भेंडा/सुंगुर/वंगुर/ –रु. ३००

(ग) सार्वजनिक सडकमा पशु चौपाया बाँध्ने पशु चौपाय धनीलाई प्रति चौपाय रु. ५० का दरले जरिवाना गरिनेछ ।

(घ) कुनै पनि पशु चौपाया धनीले नगरपालिकाले व्यवस्थापन गरेको गौशालामा आफ्ना पशु चौपाया राख्न चाहेमा गौशाल सञ्चालकले तोके बमोजिमको शूल्क तिरी राख्न सक्नेछ

(ङ) पशु चौपाय सम्बन्धि तोकिएको उल्लेखित जरिवाना नतिरी बाँकी राखेमा सो बाँकी रहेको जरिवाना सरकारी बाँकी सरह असुल उपर गरिनेछ र बाँकी रहेको जरिवाना असुल नभएसम्म नगरपालिकाको कार्यालयबाट प्रदान गरिने सेवा सुविधाहरु वञ्चित गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम एक पटक जरिवाना बुझाई सकेका पशु चौपाया धनीले नियतबस सोही कसुर पुनः गरेमा निजलाई पहिलो पल्ट गरेको जरिवानामा ५०% थप गरि असुल उपर गरिनेछ र त्यस्ता छाडा चौपाया निजको जिम्मा लगाइनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम जरिवाना गर्दा त्यस्ता वेवारिसे छाडा चौपाया नियन्त्रणमा लिदा र नियन्त्रण पश्चात नगरपालिकाले घाँस पानीमा गरेको खर्च समेत उक्त जरिवानामा जोडी असुल उपर गर्न सकिनेछ।

**८. लिलाम बिक्री गर्नेः**

(१) दफा ७ को उपदफा (१) बमोजिम पशु चौपाया धनी पत्ता नलागेमा छाडा वा वेवारिसे पशु चौपायालाई नगरपालिकाले आफूले नियन्त्रणमा लिएको १५ दिन पछि लिलाम बढाबढको संक्षिप्त प्रक्रिया अपनाई विक्री वितरणको व्यवस्था गर्न सक्नेछ ।

(२) यसरी लिलामबाट प्राप्त हुने रकम नगरपालिकाको कोषमा जम्मा गरिनेछ ।

(३) उप दफा (१) बमोजिम छाडा तथा वेवारिसे पशु चौपायाको लिलाम पछि सो पशु चौपायामा कसैको माग दावी रहने छैन ।

(४) यस परिच्छेद बमोजिम लिलाम बढाबढ प्रक्रियाबाट व्यवस्थापन गर्न नसकिएका वेवारिसे छाडा पशु चौपायाको चौपाया धनी जुनसुकै बखत पत्ता लागेमा पनि निजलाई दफा ७ को उपदफा (१),(२),(३), (४) र (५) बमोजिमको जरिवाना गरी त्यसता चौपाया फिर्ता दिन सक्नेछ ।

## परिच्छेद–४
## विविध

९. नगर स्तरीय छाडा चौपाया अनुगमन तथा व्यवस्थापन समिति

(१) नगर क्षेत्रमा रहेका छाडा चौपाया व्यवस्थापनका लागि देहाय बमोजिम एक नगरस्तरीय अनुगमन तथा व्यवस्थापन समिति रहनेछ ।

क) नगर प्रमुख - संयोजक

ख) नगर उप–प्रमुख -सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

धनगढी उप-महानगरपालिका राजपत्र

घ) जिल्ला प्रशासन कार्यालयको अधिकृतस्तरको प्रतिनिधि - सदस्य

ङ) जिल्ला ट्राफिक प्रहरी कार्यालयको प्रमुख - सदस्य

च) कार्यपालिकाले तोकेका कार्यपालिकाका सदस्यहरु मध्ये २ जना -सदस्य

छ) कृषि शाखा प्रमुख -सदस्य

ज) पशु सेवा शाखा प्रमुख -सदस्य–सचिव

अनुगमन तथा व्यवस्थापन समितिको बैठकमा आवश्यकता अनुसार नगरपालिकाका पदाधिकारी तथा कर्मचारी र अन्य संघ संस्थाको पदाधिकारी वा विज्ञलाई आमन्त्रण गर्न सकिन्छ ।

(२) वडा क्षेत्रमा रहेका छाडा चौपाया व्यवस्थापनका लागि देहाय बमोजिम एक वडास्तरीय अनुगमन तथा व्यवस्थापन समिति रहनेछ । त्यस्तो व्यवस्थापन समितिमा देहाय बमोजिमका पदाधीकारी संयोजक तथा सदस्य रहनेछन् ।

क) वडा अध्यक्ष -संयोजक

ख) वडा सदस्यहरु ४ जना - सदस्य

ग) पशु सेवा केन्द्रको कर्मचारी -सदस्य

घ) वडा सचिव -सदस्य–सचिव

उपरोक्त बमोजिमको समितिको बैठकमा वडास्तरका सम्वन्धित व्यक्तिहरुलाई आमन्त्रण गर्न सकिन्छ।

**१०. नगर प्रहरी कर्मचारी परिचालित हुनेः**

(१) नगरपालिका क्षेत्र भित्र वेवारिसे अवस्थामा छाडिएका छाडा पशु चौपायाहरुको आवश्यक निगरानी र नियन्त्रणका लागि नगर कार्यपालिकाको कार्यालयले नगर प्रहरी कर्मचारीलाई परिचालन गर्नेछ ।

(२) नगर प्रहरी कर्मचारी अपर्याप्त रहेको अवस्थामा अन्य कर्मचारी समेतलाई नगर कार्यपालिकाको कार्यालयले उप दफा (१) को कार्यमा परिचालन गर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम छाडा पशु चौपाया नियन्त्रणमा खटिने नगर प्रहरी कर्मचारी र अन्य कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले आवश्यक सहजीकरण र निर्देशन गर्नेछ।

**११.पुरस्कारको व्यवस्थाः** पशु चौपाया सार्वजनिक स्थलमा वेवारिसे अवस्थामा छाड्ने, छाड्न लगाउने कार्यमा संलग्न पशु चौपाया धनीको सूचना दिने व्यक्ति, पशु चौपाया गौशाला र कान्जि हाउससम्म पुर्‍याउने व्यक्ति/कर्मचारी, अनुगमन समितिका सदस्य, वहालवाला कर्मचारी र संघ संस्थालाई त्यस्तो चौपाया धनीबाट असुल गरिएको जरिवानाको ५०% रकम दामाशाहीले पुरस्कार स्वरुप उपलव्ध गराइनेछ ।

**१२. ऐन हेरफेर तथा परिमार्जनः**

(१) यो ऐनमा समयानुकूल हेरफेर तथा परिमार्जन गर्ने अधिकार नगरसभामा निहित रहनेछ ।

(२) यो ऐन कार्यान्वयन गर्ने क्रममा नगर कार्यपालिकाले आवश्यक आदेश तथा निर्देशन जारी गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम नगरसभाको निर्णयबाट भएका हेरफेर एवम् आदेश तथा निर्देशनको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रचार–प्रसार गर्नु पर्नेछ ।

**१३.नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेः** (१) यो ऐनलाई कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) नगरपालिकाले यस ऐन र यस ऐनअन्तर्गत बनाएको नियमावली कार्यान्वयन गर्न आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

**१५. प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

**१६. बचाउः** यस ऐनको उद्देश्य तथा बिषय क्षेत्रमा प्रचलित नेपाल कानून बमोजिम यस अघि भएका कार्यहरू यसै ऐन वमोजिम भएको मानिनेछ ।

आज्ञाले,

..............................

रामलाल श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत

धनगढी उप-महानगरपालिका राजपत्र